# रुरुक्षेत्र गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बलेटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल।
☎०७९-४१०१०४

च.नं. : ८९७
प.सं. :०७७/०७८

मिति :२०७७/०८/२५

साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट विकास कार्यक्रम) सम्बन्धी सूचना ।

रुरुक्षेत्र गाउँपालिकाबाट आ.व. २०७७/०७८ मा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, खुमलटार ललितपुरबाट प्राप्त राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बाली, बस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट विकास कार्यक्रम) संचालन गर्नुपर्ने भएकोले उक्त पकेट विकास कार्यक्रम संचालन गर्न ईच्छुक यस गाउँपालिका क्षेत्र भित्रका कृषक समुह/कृषि सहकारी, तथा कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको अनुसूची ६ अनुसारको आवेदन तथा अनुसूची ७ अनुसारको आधारभूत तथ्यांक फारम भरि गाउँपालिका कार्यालयमा पेश गर्नुहुन यसै सूचना अनुसार जानकारी गराईन्छ ।

पकेट कार्यक्रम सञ्चालनका न्यूनतम मापदण्डहरु

| क्र.सं. | बाली/बस्तु | इकाई | न्यूनतम क्षेत्रफल वा संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | खाद्यान्न बाली( धान, मकै, गहुँ) | हेक्टर/रोपनी | १५हेक्टर /२९५ रोपनी | |
| २ | तरकारी बाली | हेक्टर/रोपनी | ७ हेक्टर /१३८ रोपनी | |
| ३ | सुन्तलाजात फलफूल | हेक्टर/रोपनी | ७हेक्टर /१३८ रोपनी | |

**निवेदन साथ पेश गर्नुपर्ने कागजात**

१. कृषक समुह/कृषि सहकारी/फर्म दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी नियमानुसार (नवीकरण /सूचीकृत) भएको ।
२. पकेट माग सम्बन्धी संस्थागत निर्णयको प्रतिलिपी ।
३. वडा कार्यालयको सिफारिस।
४. सहकारी तथा फर्मको हकमा लेखापरिक्षण प्रतिवेदन तथा करचुक्ता प्रमाणको प्रतिलिपी ।
५. अध्यक्ष /प्रोपराईटरको नागरिकता प्रतिलिपी ।
६. अनुसूची ६ बमोजिमको निवेदन तथा अनुसूची ७ बमोजिमको विवरण फारम भरि पेश गर्नुपर्नेछ ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

# रुरुक्षेत्र गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बलेटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल।
☎०७९-४१०१०४

च.नं. : ८१८
प.सं. :०७७/०७८

मिति: २०७७/०८/२५

**सूचना ! सूचना !! सूचना !!!**

चालु आ.व २०७७ /०७८ मा प्रदेश सरकारबाट यस गाउँपालिकाको लागि स्विकृत वार्षिक कार्यक्रमअनुसार तपसिल अनुसारका कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा सहकारीहरुले आवश्यक कागजात सहित सूचना प्रकाशन भएको मितिले पन्ध्र(१५) दिन भित्र मिति २०७७ /०९/०९ सम्ममा) आ-आफ्नो वडा कार्यालयहरुमा निवेदन पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. सं. | कार्यक्रमको विवरण | मापदण्ड | लक्ष्य | बढिमा अनुदान रकम |
|---|---|---|---|---|
| १ | कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रीमा अनुदान कार्यक्रम | १. तरकारी तथा फलफूल खेतीको लागि कम्तिमा २ रोपनीमा खेती गरेको हुनुपर्नेछ<br>२ मौरीपालनको हकमा कम्तिमा ५ घार र गोला भएको हुनुपर्नेछ।<br>३. च्याउ खेतीको हकमा कम्तिमा च्याउ घर र १०० वल(पोका) भएको हुनुपर्नेछ।<br>४. कुखुरापालनको हकमा कम्तिमा ५० चल्ला भएको हुनुपर्नेछ।<br>५. बाखापालन तथा बंगुरपालनको हकमा कम्तिमा ५ वटा पाठापाठी पालेको कृषक हुनुपर्नेछ। | १०० | यस कार्यक्रममा अनुदानग्राही कृषकले प्रति व्यक्ति बिलअनुसारको रकममा ५० प्रतिशत नबढ्ने गरि बढीमा रु २०,०००।-सम्म अनुदान प्राप्त गर्न सक्नेछन। |

पेश गर्नुपर्ने कागजातहरु
१. निवेदन
२. कृषि सहकारी/फर्मको हकमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी नियमानुसार (नवीकरण /सूचीकृत) भएको।
३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
४. विदेशबाट पर्किएको हकमा प्रमाण खुल्ने कागजातको प्रतिलिपी
५. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी
६. वडा कार्यालयको सिफारिस

नोट

- आफ्नै वा अरुको जग्गा भाडामा लिई खेती गर्न चाहने र अन्य कुनै कार्यक्रमहरुमा अवसर/अनुदान नपाएका कृषकहरुलाई पहिलो प्राथमिकता दिइनेछ।
- सम्बन्धित वडा कार्यालयले परिवारको कुनै पनि सदस्य वैदेशिक रोजगारको क्षेत्रमा संलग्न नभएको, नेपालभित्र सरकारी अर्धसरकारी वा निजी क्षेत्रमा रोजगारको क्षेत्रमा संलग्न नभएको, स्वरोजगारबाट मासिक रु १०,०००।-( अक्षरुपी दश हजार रुपैया) भन्दा बढी आम्दानी नभएको सिफारिस गरेको हुनुपर्नेछ।
- कोभिडका कारण विदेशबाट फर्केका परिवारको प्रति परिवार १ जना भन्दा बढी नहुने गरी यस कार्यक्रममा सहभागि हुन सक्नेछन्।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

# रुरुक्षेत्र गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बलेटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल ।
☎ ०७९-४१०१०४

च.नं. : ८९५
प.सं. :०७७/०७८

रुरुक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी
बलेटक्सार, लुम्बिनी प्रदेश, नेपाल

मितिः २०७७/०८/२५

विषयः सूचनाहरु पठाईएको सम्बन्धमा ।

श्री कृषि विकास शाखा ।
श्री वडा कार्यालयहरु सबै ।

प्रस्तुत विषयमा मिति २०७७ मंसिर २५ मा प्रकाशित कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रीमा अनुदान कार्यक्रमको सूचना र साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट विकास कार्यक्रम) सम्बन्धी सूचना यसै पत्र साथ संलग्न गरी पठाईएको छ । सूचनाहरु सम्बन्धित कृषक, कृषक समुह, कृषि सहकारी र कृषि फर्महरुलाई जानकारी गराई तोकिएको समय भित्र फारम भर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत